# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७५/७६ मिति: २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्यौंट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्याः

मितिः २०७५।११।२०

श्री प्रमुखज्यू,
रामधुनी नगरपालिका, झुम्का,
सुनसरी ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस रामधुनी नगरपालिका, झुम्का, सुनसरीको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.५ करोड ४ लाख ९९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६० लाख २२ हजार, नियमित गर्नुपर्ने रु.३७ लाख १६ हजार, प्रमाण पेश गर्नुपर्ने रु. ८९ लाख २८ हजार र पेश्की रु. ३ करोड १८ लाख ३३ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।१०।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्योट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १८ (अठार) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# रामधुनी नगरपालिका, झुम्का, सुनसरी
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी **रामधुनी नगरपालिकाको** स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस नगरपालिका अर्न्तगत ९ वडा रहेको ५२ सभा सदस्य ९१.६९ वर्ग कि.मी. क्षेत्रफल, करिब ५१,७२२हजार जनसंख्या १ नं.प्रदेशमा अवस्थित छ ।

उल्लेखित कारोबारको लेखापरीक्षण समष्टिगत लेखापरीक्षण योजना, इकाइगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्वपत्र एवं अनुबन्धनपत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने विद्यमान अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षणमा कठिनाई जस्ता सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०४८ को दफा ३ र लेखापरीक्षणका अन्तर्राष्ट्यि मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजना भित्र रही लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाइं प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७५।१०।२३ मा छलफल सम्पन्न भएको छ । वित्तीय बिवरण एवं आर्थिक कारोवारको जिम्मेवारी व्यबस्थापन पक्षमा रहेको छ भने कारोवारको परीक्षण गरी प्रतिबेदन गर्ने जिम्मेवारी लेखापरीक्षकमा रहेको छ । व्यबस्थापनसंग छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

| आय | रकम रु. | व्यय | रकम रु. |
|---|---|---|---|
| गत वर्षको जिम्मेवारी | ५००६४७०.८६ | पुँजीगत आन्तरिक श्रोत | ३३८२५५५.०० |
| क. नगद रु.१,१२,६६६।४२ | | पुँजीगत नेपाल सरकार | २२०८२०६१०.०० |
| ख. बैक रु.४६,९३,८०४।४४ | | पुँजीगत एल जी सी डी पी | ६०००००.०० |
| ग. धरौटी रु. २६,७१,१३४/७८ | | पुँजीगत संघीय संरचना | ३३७८३२३.०० |
| राजस्व ( आन्तरीक आय ) | | चालु आन्तरिक श्रोत | ९४०६१४४.३३ |
| क. आन्तरीक आम्दानी | २०२६२४६३.८७ | चालु नेपाल सरकार | ४०९१३५४६.९० |
| ख. राजश्व बाँडफाँड ( मालपोत ) | ३१०६०२.३३ | चालु एल जी सी डी पी | ७८५९३३.०० |
| ग. अन्य आय ( जि.प्र.का.र कारागार बाट) | १६८५९९१.०० | चालु सर्शत | ११७७२५१५१.९३ |
| वित्तीय हस्तान्तरण | ० | चालु सामाजिक सुरक्षा | ६७९६१०००.०० |
| क. वित्तीय सामानिकरण अनुदान | २३९७५९०००.०० | प्रदेश सर्शत | ३२८००००.०० |
| ख. सर्शत अनुदान | १२०५६५०००.०० | फिर्ता खर्च चालु एल जी सी डी पी | ९३०६७.०० |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | ३३०००००.०० | फिता खर्च चालु सर्शत | २८३९८४८.०७ |
| जनसहभागिता नगद | २४००००००.०० | फिर्ता खर्च सामाजिक सुरक्षा | ६३०६०००.०० |
| धरौटी आय | २६७११३४.७८ | धरौटी फिर्ता खर्च | ८५७७८४.५६ |
| पुजीगत एल जी सी डी पी | ६०००००.०० | बैक मौज्दात पुँजीगत | ३९५६९.०१ |
| चालु एल जी सी डी पी | ८७९०००.०० | बैक मौज्दात चालु | २०७२८१५.०८ |
| चालु सामाजिक सुरक्षा | ७४२६७०००.०० | बैक मौज्दात संचित कोष | १०६०६२४८.३२ |
| | ० | गत विगतको नगद मौज्दात | ११२६६६.४२ |
| | ० | धरौटी बैक मौज्दात | २१२५४००.२२ |
| **जम्मा** | **४९३३०६६६२.८४** | | **४९३३०६६६२.८४** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | **असुली:** लेखापरीक्षणको क्रममा संकलित आन्तरिक आय दाखिला नगरेको रु.२,०४,३२३।०० असुल भई नगपालिकाको मुल सञ्चित कोषमा दाखिला भएको छ । यसैगरी सामाजिक सुरक्षा भत्ता बितरण गरी बाँकी रहेको रु.६,०२,२००।०० बेरुजु खातामा दाखिला भएको छ । | |
| १. | **वित्तीय बिबरण:** प्राप्त एकीकृत आय व्यय बिबरण अनुसार रु.४९,३३,०६,६६२।८४आय व्यय कारोबार भएको देखिन्छ । एकीकृत आर्थिक विवरण तयार गर्दा लेखा नीति खुलासा नगरेको, वित्तीय बिबरणको ढांचा स्वीकृत नभएको, घटी जिम्मेवारी सारेको, समानीकरण, सर्शत र बिषयगत एर्व कन्टिन्जेन्सी र मर्मत संभार कोषतर्फको बेग्लाबेग्लै लेखा स्रेस्ता नराखी चालु र पूजिंगतको मात्र स्रेस्ता राखेको, बैंक नगदी किताव अद्यावधिक र प्रमाणित नभएको, बजेट सिट नराखेको एवंदैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एवं दाखिला म.ल.प.फा.नं २३ नराखेको लगायतको कारण प्राप्त एकीकृत आय व्यय बिबरणमा उल्लेख भएका आय व्यय रकम भिडान गर्ने प्रमाणित अभिलेख एवं खाता नरहेको कारण एकीकृत आय व्यय बिबरणको यथार्थतामा आश्वस्थता हुनसक्ने अबस्था देखिएन । | |
| २. | **नगद मौज्दात:** प्राप्त आय व्यय बिबरणबमोजिम गत बर्षदेखि नगद बाँकी रहेको रु.१,१२,६६६।१२ यो बर्ष समेत दाखिला नभएको देखिएकोयो रकम मध्ये साविक भासी गाबिसको रु.९४,००३।२१ र सिंगिया गाबिसको रु.१८,६६३।२१ रहेको गत बर्षको आय व्यय बिबरणबाट खुल्न आएकोले यस सम्बन्धमा छानविन गरी सम्बन्धितबाट रकम असुल गरी बैंक दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु. | १,१२,६६६/१२ |
| ३. | **सञ्चित कोष:** स्थानीय सञ्चित कोषको स्थापना भएकोमा सोको बेग्लै आय व्यय बिबरण तयार नगरेको एवं बर्षान्तमा खर्च खातामा बाँकी रकम सञ्चित कोष दाखिला गरेको पाइएन । उल्लिखित स्थितिमा सुधार गर्नुपर्दछ । | |
| ४. | **खर्चगर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ ।ऐनमा भएको व्यबस्थाबमोजिम खर्चको अख्तियारी दिने गरेको पाइएन । कानूनी व्यबस्थाअनुसार अख्तियारी दिने व्यबस्था गर्नुपर्दछ । | |
| ५. | **वजेट पेश/पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारित गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाको २०७४।७५ को बजेट २०७४ कार्तिक १ गते पारित भएको देखिन्छ । | |
| ६. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा यस्तो नियन्त्रण प्रणाली तयार गरेको पाइएन । नियन्त्रण प्रणालीको अभावमा आर्थिक कारोबार सम्पादन र वित्तीय प्रतिवेदनलाई विश्वसनीय बनाउने कार्यमा बाधा परेको देखिन्छ ।पालिकाको आन्तरिक नियन्त्रणमा रहेका कमी कमजोरी निम्नानुसार रहेका छन्:<br>● कार्य जिम्मेवारी र जवाफदेहिता स्पष्ट नगरेको,<br>● परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको,<br>● अन्तिम चौमासिक र आषाढ महिनामा तोकिएको सीमाभन्दा बढी खर्च गरेको<br>● योजना कार्यान्वयन तालिका निर्माण गरेको पाइएन,<br>● निर्धारित समयमा निर्माण सम्पन्न हुन नसकेको,<br>● अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको पाइएन, | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ● करको दायरा पहिचान भएको देखिएन,<br>● प्रशासनिक खर्चको सीमा निर्धारण गरेको छैन,<br>● राजस्व सम्वन्धी कानून निर्माण गरेको छैन,<br>● अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण गरेको छैन,<br>● प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ प्रक्रियागत भएको छैन<br>● बार्षिक खरिद योजना नबनाएको,<br>● लागत अनुमान तयार गर्दा निर्माण गर्न लाग्ने अबधि नखुलाएको,<br>● भुक्तानी भएको बिल भरपाईमा भुक्तानी भएको छाप लगाएको पाइएन,<br>● भ्रमाण अभिलेख खाता नराखेको एवं प्रमण प्रतिवेदन लिने नगरको<br>● इन्धन खर्चको लगबुक राख्ने गरको देखिएन,<br>● धरौटीको गोश्वरा र व्यक्तिगत खाता राखेको पाइएन,<br>उल्लेखित व्यहोराहरुमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउनु पर्दछ । | |
| ७. | **वजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । यसनगरपालिकाले यो बर्ष करिब ६८९ कार्यक्रम स्वीकृत गरी सञ्चालन गरेकोमा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन । नगरपालिकाको बिकासको लागि कार्यक्रमको प्राथमिकीकरण नगरेको कारण उपलब्ध सिमित स्रोत साधन ससाना कार्यक्रममा खर्च भई नतिजा देखिने गरी उपलब्धि हासिल हुन नसक्ने भएकोले योजना एवं कार्यक्रमको प्राथमिकीकरण गरी उच्च प्राथमिकतामा परेको कार्यक्रम सञ्चालन गर्नु पर्दछ । | |
| ८. | **लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले यो बर्ष करिब ६८९ साना ठूला कार्यक्रम सञ्चालन गरेकोमा यसरी सञ्चालित कार्यक्रमको नियममा उल्लेख भएअनुसार अनुसूची-२ को ढाँचामा प्रगती विवरण तयार गरेको देखिएन ।अभिलेखको अभावमा लेखापरीक्षणको सिलसिलमा स्वीकृत कार्यक्रम मध्ये सञ्चालन नभएको वा सम्झौता भई कार्य नभएको कारण सून्य प्रगति भएको, आंशिक रुपमा २५, ५० र ७५ प्रतिशत सम्म प्रगति भएका कार्यक्रमको बिबरण माग गरेकोमा उपलब्ध हुन सकेन । प्रगति प्रतिवेदनको अभावमा स्वीकृत कार्यक्रमको समग्र प्रगति स्थिति मूल्यांकन गर्न सकिएन । सञ्चालित कार्यक्रमको तोकिएको ढाँचा प्रगति प्रतिवेदन तयार गरी बार्षिक समिक्षा गर्ने व्यबस्था मिलाउनु पर्दछ । | |
| ८.१. | सर्शत र समानीकरण अनुदान अन्तर्गत कृषि, पशु, शिक्षा, स्वास्थ्य लगायतका कार्यक्रम सञ्चालन गर्न बजेट र कार्यक्रम प्राप्त भएकोमा उक्त कार्यक्रम कार्यान्वयनबाट प्राप्त उपलब्धिको बार्षिक प्रगति बिबरण तयार नगरेको कारण लक्ष्यबमोजिम कार्य भए नभएको बिश्लेषण गर्न सकिएन । तसर्थ ती कार्यक्रमको प्रगति बिबरण पेश गर्नुपर्दछ । | |
| ९. | **स्थानीय तथ्यांक र अभिलेखः** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले थप पहल गर्न जरुरी छ । | |
| १०. | **बैंक हिसाब मिलानः** कार्यालयको खाता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गरी बैंक हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा यस्तो बिबरण तयार नगरेको कारण चालु खर्च, पूँजिगत खर्च र स्थानीय निकाय मूल संचित कोष लगायत कार्यालयले सञ्चालनमा ल्याएको खातामा देहायबमोजिम बैंक घटी/बढी देखिएकोले बैंक घटी देखिएको सम्बन्धमा छानविन गरी बैंक हिसाब मिलान बिबरण तयार गर्नुपर्ने रु. | ८१,६३,७९८/८२ |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| बैंक | कारोबार | स्रेस्ताअनुसार बाँकी | बैंकअनुसार बाँकी | फरक रकम |
|---|---|---|---|---|
| राबा बैंक इनरुवा ग ४।१ | मूल सञ्चित कोष | १०५०६१६८.३२ | १०६०६२४८.३२ | १०००८०.०० |
| राबा बैंक इनरुवा ग २।१ | चालु खाता | ३३०८२३०.६६ | २०७२२१५.०८ | (१२३६०१५.५८) |
| राबा बैंक इनरुवा ग २।२ | पूँजिगत खाता | ६८६७२७१.६३ | ३९५६९.०१ | (६८२७७०२.६२) |
| | **बैंक घटी/बढी जम्मा** | | | **८१६३७९८.८२** |

११. **बैंक मौज्दात ऋणात्मक:** बैंक मार्फत कारोबार गर्ने निकायले बैंक खातामा मौज्दात भएको अवस्थामा मात्र भुक्तानीको लागि चेक जारी गर्नुपर्नेमा यस नगरपालिकाले बैंक खातामा मौज्दात नभएको अवस्थामा भुक्तानीको लागि चेक जारी गरेको कारण देहायको खाताको स्रेस्तामा निम्नानुसार रु.७९,५३,६२६।२० बैंक माज्दात ऋणात्मक रहेको देखिएको छ ।

| कारोबार | स्रेस्ताअनुसार बैंक ऋणात्मक रकम |
|---|---|
| वित्तीय समानीकरण पूँजिगत | -६३११४०२.८२ |
| पूँजिगत एल.जी.सी.डी.पी. | -६००००००.०० |
| चालु एल.जी.सी.डी.पी. | -८७९०००.०० |
| ससर्त चालु | -१६३२२३.३८ |
| **जम्मा** | **-७९५३६२६.२०** |

छलफलको क्रममा नगरपालिकाले घाटा बजेट बनाएको, सोहीबमोजिम योजनाको सम्झौता गरेको र उपभोक्ता समितिको मागअनुसार बैंक खातामा रकम नभएतापनि चेक जारी गरेको कारण यस्तो स्थिति हुन गएको व्यहोरा जनाएको छ । बैंक खातामा रकममै नभएको अवस्थामा चेक काटेको उपयुक्त नदेखिएकोले यस प्रकारको कार्य बन्द गर्नुपर्दछ ।

१२. **चौमासिक खर्च:**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयको कुल खर्चको स्थिति बिश्लेषण गर्दा कुल खर्चको देहायबमोजिम ८७.३५ प्रतिशत तेस्रो चौमासिकमा र ३३.२७ प्रतिशत असार महिनामा खर्च भएको पाइन्छ ।

| ब.उ.शी.नं. | कुल खर्च | प्रथम चौमासिक खर्च | दोस्रो चौमासिक खर्च | तेस्रो चौमासिक खर्च | असार महिनाको खर्च |
|---|---|---|---|---|---|
| चालुतर्फ | १६८८३०७७६.१६ | ५४७०११७.१५ | १५८८६९७६.०४ | १४७४७३६८२.९८ | ५६१६९९९.२३ |
| पूजिगततर्फ | २२८१८१४८८.०० | ७३९३०८०.२१ | २१४७१८७८.०२ | १९९३१६५२९.७७ | ७५९१५९८१.०६ |
| **कुल खर्च** | **३९७०१२२६४.१६** | **१२८६३१९७.३६** | **३७३५८८५४.०६** | **३४६७९०२१२.७४** | **१३२०८५९८०.२९** |
| | **खर्च प्रतिशत** | ३.२४ | ९.४१ | ८७.३५ | ३३.२७ |

कार्यालयले खरिद योजना अनुसार कार्य गर्न नसकेको, सम्झौताबमोजिम समयमै कार्य नभएको कारणले तेस्रो चौमासिक र असार महिनामा अत्यधिक खर्च भएको देखिन्छ । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा कामको अनुगमन कार्यमा कठिनाई भई सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर पर्ने स्थिति रहन्छ । तसर्थ स्वीकृत कार्यक्रम बमोजिम चौमासिक रुपमै कार्य सम्पन्न गर्नु पर्दछ ।

१३. **दरबन्दी र पदपूर्ति:**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नगरपालिकामा ३२ र वडा कार्यालयमा प्रति वडा २ जनाको दरले १८ समेत ५० दरबन्दी स्वीकृत रहेकोमा बिभिन्न पदमा ११२ कर्मचारी कार्यरत रहेको एवं यस अतिरिक्त थप १३ जना कर्मचारी दैनिक ज्यालादारीमा राखेको र सो समेत गणना गर्दा ५० दरबन्दी रहेकोमा स्वीकृत दरबन्दीभन्दा १५० प्रतिशत बढी अर्थात् १२५ कर्मचारी कार्यरत रहेको पाइयो । फलस्वरुप नगरपालिकको प्रशासनिक खर्चमा बढन गएकोले दरबन्दीबमोजिमको कर्मचारी रहने व्यवस्था मिलाउनु पर्दछ ।

१४. **स्रोत नक्सांकन:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १५. | **कर्मचारी कल्याण कोष**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्नुपर्ने व्यवस्थाअनुसार कोषको स्थापना गरेको देखिएन । | |
| १६. | **तलवी प्रतिबेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा नगरपालिकातर्फका स्थायी कर्मचारीको तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| १७. | **विद्युतीय लेखाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सबै स्थानीय तहले Sub National Tresury Regulatory application (SUTRA)प्रयोग गरी लेखा राख्नुपर्नेमा उक्त सफ्टवेयर प्रयोगमा नल्याई साँग्रीला सफ्टवेयर प्रयोग गरेको पाइयो । उक्त सफ्वेयरको आधिकारिकता सम्बन्धमा सम्बन्धी निकायबाट प्रमाणित नभएको कारण आम्दानी र खर्चको सही लेखांकन र प्रस्तुतीकरण सम्बन्धमा सुनिश्चित हुनसक्ने स्थिति देखिएन । तसर्थ तोकेबमोजिमको सफ्टवेयर प्रयोगमा ल्याउनु पर्दछ । | |
| १८. | **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| १९. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची-१ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत गरी ५ प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । नगरपालिकाले यो बर्ष निर्माण कार्यको लागत अनुमानको ३ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरी बर्षभरीमा रु.३४,६९,४५०।९९ प्राप्त बिभिन्न प्रयोजनमा खर्च गरेको पाइयो । नियममा भएको व्यबस्थाबमोजिम कन्टिन्जेन्सी खर्चको व्यवस्था गरी यस्तो खर्चलाई व्यबस्थित गर्न कन्टिन्जेन्सी खर्चको कार्यबिधि बनाउने, यसबाट हुने खर्चको बार्षिक बजेट र कार्यक्रम स्वीकृत गर्ने एवं खर्चको बेग्लै स्रेस्ता राख्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| २०. | **उपभोक्ता समिति दर्ता नभएकोः** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिदैन । कार्यालयले यसवर्ष संझौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त  हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनालाई बजेटपरेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न पश्चात समिति विघटन हुने हुंदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्रमार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । | |
| २१. | **उपभोक्ता समिति मार्फत कार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट काम गराउने कार्यबिधि उल्लेख छ । नियमावलीमा भएको व्यबस्थाको पालना सम्बन्धमा निम्नानुसार देखिएको छः | |
| २१.१. | नियमावलीको नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, बील, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उल्लिखित निर्माण कार्य गर्न सम्झौता भएका उपभोक्ता समितिको कामको प्राविधिक मूल्यांकनको आधारमा मात्र भुक्तानी दिने गरेको देखिन्छ । नियमावलीमा व्यबस्था भएबमोजिमको बील, भरपाई र खर्च प्रमाणित गर्ने कागजात समितिको बैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने गरेको पाइएन । | |
| २१.२. | नियमावलीको नियम ९७(१२) मा उपभोक्ता समिति मार्फत भएको निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले सम्पन्न आयोजनाहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको देखिएन । | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २१.३. | उपभोक्ता संगको खरिद सम्झौतामा सवै कामहरु इन्जिनियरिगं नर्म्स, प्राविधिक नक्सा, संलग्न प्राविधिक स्पेशिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था रहेकोमा कुनै पनि उपभोक्ता समितिको कार्यमा प्राविधिक नक्सा तयार गरेको पाईए। साथै काम भएको प्रमाणित गर्ने कुनै तस्विर समेत संलग्न रहेको छैन । उपभोक्ता समितिवाट भएको काममा पारदर्शिताको कमी देखिन्छ । | |
| २१.४. | नियमावलीको नियम ९७(९) बमोजिम उपभोक्ता समितिबाट सञ्चालित निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न नसकिने उल्लेख भएकोमा उपभोक्ता समितिले गरेको सडक निर्माण कार्यमा हेभि मेसिनको प्रयोग भएको देखिन्छ । कानूनमा भएको व्यबस्था बमोजिम उपभोक्ता समितिबाट कार्य गराउनु पर्ने देखिन्छ । | |
| २१.५. | उपभोक्ता समितिबाट गरेको कार्यमा कुनै त्रुटी आई सच्याउन परेमा वा बढी भुक्तानी भई असुल गर्नुपर्ने अबस्थामा कार्यालयले आबश्यक सुधार गर्न लगाउने कुनै आधार नभएको कारण त्रुटी सच्याउने अवधिसम्मको लागि भुक्तानी रकमको निश्चित प्रतिशत धरौटी कट्टा गर्ने व्यबस्था मिलाउन उपयुक्त हुने देखिन्छ ।<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा डोजर लगायतका मेशीन प्रयोग गर्न नहुने व्यवस्था छ ।उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन । | |
| २२. | **डोर हाजिर:** तोकीएको फारम प्रयागे गर्दा फारममा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्नुपर्दछ । उपभोक्ता समितिलेडोर हाजिरमा उल्लेखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । फारममा हाजिर राख्नेको नाम लगायतको विवरण समेत खुलाउने गरेको छैन । फारमको भाग-३ मा रहेको जिन्सी सामान प्रयोग विवरण लगायत काम गरेका नापीको यथार्थ विवरण भरेको देखिएन । नर्म्स अनुसार जिन्सी सामान खपत र ज्याला खर्च भएको हो होइन ऐकिन हुनसक्ने अवस्था नदेखिंदा निर्माण कार्य भए नभएको समेत यकिन हुन सक्ने आधार नदेखिएकोले फारममा उल्लेखित सम्पूर्ण विवरणहरु तयार गरी खर्चको यथार्थता हुनेगरी डोर हाजिर फारम तयार हुने व्यवस्था गर्नेतर्फ प्राविधिक तथा उपभोक्ताको ध्यान जान जरुरी देखिएको छ । | |
| २३. | **आम्दानी खर्च सार्वजनिक**: श्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०५९ दफा ५० (५) अनुसार उपभोक्ता समितिबाट सम्पन्न गरिएका बिकास निर्माणको वास्तबिक आम्दानी खर्चको विवरण तोकिएको अनुसुची बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत सम्पन्न गरेका अधिकांस योजनाको आम्दानी खर्च तोकिए कमोजिमको ढाँचामा सबै विवरण खुल्ने सार्वजनिक गरेको पाइएन । यसबाट आयोजनाको वास्तबिक आम्दानी खर्च समितिका सदस्य तथा सरोकारवाला लाई नहुदा मितव्ययीता, पारदर्शिता कायम हनु नसक्ने हुदा कार्यबिधिको पुर्ण पालना हुनु पर्दछ । | |
| २४. | **निर्माण कार्यको लगत:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यबस्था भएकोमा गाँउपालिकाले यस वर्ष संचालन गरेको सिंचाइ एवं खानेपानी योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । नगरपालिकाले गतविगत वर्षदेखि संचालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यबस्था गरी निर्माण कार्यको लगत व्यबस्थापन गर्नुपर्ने देखियो । | |
| २५. | **कर कट्टी एवं दाखिला:** आयकर ऐन, २०५८ बमोजिम बिभिन्न भुक्तानी तोकिएको दरमा कर कट्टी गरी दाखिला गर्नुपर्नेमा नगरेको स्थिति निम्नानुसार रहेको देखिन्छ । | |
| २५.१. | गोभौनं.१४४६।२०७५।३।३१ बाट पूँजिगततर्फ बिभिन्न भुक्तानीमा कट्टा गरेको पारिश्रमिक कर रु.२,९९,७४०।०० र सामाजिक सुरक्षा कर रु.२,७४४।०० संघीय सरकारको सम्बन्धित खातामा जम्मा गर्नुपर्नेमा नगरपालिकाको केन्द्रीय कोष खातामा जम्मा गरेको देखिएको उक्त रकम सम्बन्धित खातामा जम्मा गर्नुपर्ने रु. | ३,०२,४८४/- |
| २५.२. | गोभौनं.१४५१।२०७५।३।३१ बाट महेश रेग्मी मार्फत वडा नं.८ मा ह्युम पाइप खरिद र जडान गरेको फाँटवारीसाथ रु.३,५१,३००।०० को ह्युम पाइप खरिदको बिल संलग्न रहेकोमा उक्त बिलको १.५ प्रतिशतले हुने अग्रीम कर असुल गर्नुपर्ने रु. | ५,२६९/५० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २५.३. | गोभौनं.१४५७।२०७५।३।३२ बाट सत्य नारायण चौधरीको कार्यक्रम पेश्की फछ्र्यौट गर्दा भाडा भुक्तानी रु.१४,०००।०० बहाल कर कट्टा नगरेकोले कर रकम असुल गर्नुपर्ने रु. | १,४००/- |
| २५.४. | गोभौनं.१४७४।२०७५।३।३२ बाट सत्य नारायण चौधारीको पेश्की फछ्र्यौट गरेको मध्ये खेलकुद मैदान मर्मत तथा व्यबस्थापनमा मस्टर रोल भुक्तानी रु.१७,५००।०० मा रु.१७५।०० सामाजिक सुरक्षा कर र ढुवानी रु.३३,०००।०० मा रु.३,३००।०० समेत कर कट्टा नगरेको रकम असुल गर्नुपर्ने रु. | ३,४७५/- |
| २५.५. | गोभौनं.१४७३।२०७५।३।३२ बाट साबित्रा पराजुलीको पेश्की फछ्र्यौट गरेको मध्ये प्रतिक्षालय निर्माणमा ढुवानी कर रु.३,१५०।०० र सडक ग्राभेल र मर्मतमा ढुवानी कर रु.२६,१००।०० र सामाजिक सुरक्षा कर रु.६७५।०० असुल गरेको नदेखिएकोले कर रकम असुल गर्नुपर्ने रु. | २९९२५/- |
| २५.६. | गोभौनं.१४६२।२०७५।३।३२ बाट जेष्ठ नागररिक कार्यक्रम सञ्चालनको बिल भरपाईको आधारमा सत्य नारायण चौधरी रु.१,२२,०००।०० पेश्की फछ्र्यौट गरेको मध्ये डम्बर प्रसाद पौडेललाई बिभिन्न कार्यक्रम सञ्चालन बापत भरपाई गरी रु.९०,०००।०० नगद उपलव्ध गराएकोमा उक्त खर्चको प्रयोजन स्पष्ट नभएको एवं व्यक्तिलाई नगदै भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने कर समेत असुल गर्नुपर्ने रु. | १३,५००/- |
| २५.७. | गोभौनं.११७४।२०७५।२।२३ बाट ठेक्का नं.१।२०७४।७५ को मिट मार्ट निर्माण गर्ने निर्माण व्यबसायी बलराम निर्माण सेवालाई दोस्रो बिल भुक्तानी गर्दा अग्रीम कर कट्टा नगरेकोले मुअकर बाहेकको भुक्तानी रु.५,५१,३२२।७५ को १.५ प्रतिशतले हुने कर असुल गर्नुपर्ने रु.<br>साथै नियमानुसारको धरौटी समेत कट्टा गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्ने देखिन्छ। | ८,२७०/- |
| २५.८. | गोभौनं.१३४२।२०७५।३।१४ बाट नगरको आवधिक योजना बनाउन सम्झौता भएका तारानाथ निरौलालाई सो वापत रु.५,१०,०००।०० भुक्तानी गरेकोमा १५ प्रतिशतले हुने रु.७६,५००।०० कर कट्टा गर्नुपर्नेमा रु.६४,३५०।०० मात्र कट्टा गरेकोले नपुग कर असुल गर्नुपर्ने रु. | १२,१५०/- |
| २५.९. | जुनसुकै पारिश्रमिक भुक्तानी गर्दा भुक्तानी रकमको १ प्रतिशत सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा देहायबमोजिम ज्यामी ज्यालाको भरपाई पेश गरी कार्य मूल्यांकन भएकोमा उक्त ज्यालामा सामाजिक सुरक्षा कर कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्ने रु. | १४,७३४/०६ |

| गोभौनं.।मिति | योजनाको नाम | ज्यामी ज्याला | सामाजिक सुरक्षा कर |
|---|---|---|---|
| ५०/२०७४/४/१७ | पर्सा गाछी शिवनगर | ४४५०००.०० | ४४५०.०० |
| १४३४/२०७५/३/२९ | हटिया टहरा निर्माण | ३४९५९१.०० | ३४९५.९१ |
| १४२८/२०७५/३/२८ | शहरी स्वास्थ्य चौकी निर्माण | १५२६००.०० | १५२६.०० |
| १३८१/२०७५/३/२४ | तीनकुने पक्की नाला निर्माण | ३८१९४०.०० | १८१९.४० |
| १४४९/२०७५/३/३१ | ठूलोमोहर प्रा.बि.घेराबारा | ९४०५०.०० | ९४०.५० |
| १४६८/२०७४/३/३२ | सिखडा खोला पुल निर्माण | ५८८००.०० | ५८८.०० |
| १४७९/२०७५/३/३२ | झुम्का बधशाला निर्माण | १९१४२५.०० | १९१४.२५ |
| | | | **१४७३४.०६** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २५.१०. | बिभिन्न उपभोक्ता समितिले पेश गरेको बिल भरपाई मध्ये ढुङ्गा गिटी माटो ढुवानी गरे वापत राममणी कन्स्ट्रक्सन (पान नं.६०४२६४८८४) को रु.२० हजारभन्दा घटीका टुक्रे बिल संलग्न गरेको पाइयो। उक्त निर्माण व्यबसायी मुअकर दर्ता भएकोमा कर बिजक जारी नगरेको एवं ढुवानीमा १० प्रतिशत कर कट्टी गर्नुपर्नेमा नगरेको र/वा घटी कट्टा गरेकोले निम्नानुसारको कर रकम असुल गर्नुपर्ने रु. | १,९९,३८३/१९ |

| गोभौनं.।मिति | योजनाको नाम | बिल संख्या | बिल रकम | कर कट्टी नगरेको र/वा घटी कट्टा गरेको रकम |
|---|---|---|---|---|
| ५०/२०७४/४/१७ | पर्सा गाछी शिवनगर | २० | ३९३१००.०० | ३९३१०.०० |
| १३१/२०७४/६/९ | रामधुनी न.पा.८ भरी बाटो मर्मत | ८१ | १५८१५२५.०० | १३४४३०.०० |
| ३३०/२०७४/१०/३ | रामधुनी न.पा.५ को वडास्तरीय बाटो ग्राभेल | १ | २४०२६६.०० | २०४२२.६१ |
| ३३८/२०७४/१०/३ | वडा नं. ३ बाटो ग्राभेल | १ | ३४७९७२.०० | ५२१९.५८ |
| | **जम्मा** | | | **१९९३८२.१९** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| २५.११. | गोभौनं.१३५७।२०७५।३।१५ बाट रामधुनी भकना पक्की सडक निर्माण उपभोक्ता समितिलेलाई रु.९,९६,०००।०० पेश्की फछ्र्यौट तथा भुक्तानी भएकोमा फाँटवारीमा समावेश बिल रकममा १.५ प्रतिशतले हुने रु.१४,९४०।०० कर र ३ प्रतिशतले हुने रु.२९,८८०।०० कन्टिन्जेन्सी कट्टा नगरी पुरै | ४४,८२०/- |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

रकम भुक्तानी दिएकोले कर र कन्टिन्जेन्सी वापतको रकम असुल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

२५.१२. गोभौनं.१३५८।२०७५।३।१५ बाट रामधुनी वडा नं.२ पक्कि सडक निर्माणको प्रथम रनिङ्ग बिल भुक्तानी भएको फाँटवारीमा समावेश बिल रकममा १.५ प्रतिशतले हुने रु.२७,४५०।०० कर र ३ प्रतिशतले हुने रु.४५,९००।०० कन्टिन्जेन्सी कट्टा नगरी पुरै रकम भुक्तानी दिएकोले कर र कन्टिन्जेन्सी वापतको रकम असुल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. ७३,३५०/-

२५.१३. गोभौनं.३५२।२०७४।१०।७ बाट रामधुनी ४ पक्की नाला निर्माण समितिलाई प्रथम रनिङ्ग बिल भुक्तानी भएको फाँटवारीमा समावेश बिल रकममा १.५ प्रतिशतले हुने रु.१९,७५८।०० कर र ३ प्रतिशतले हुने रु.३९,५१६।०० कन्टिन्जेन्सी कट्टा नगरी पुरै रकम भुक्तानी दिएकोले कर र कन्टिन्जेन्सी वापतको रकम असुल गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. ५९,२७४/-

२६. **कन्टिन्जेन्सी भुक्तानीः** नगरपालिकाले निर्माण कार्यको ३ प्रतिशत कन्टिन्जेन्सी खर्च कट्टा गरी भुक्तानी दिने गरेको र अमानतबाट गराएको कार्यमा कन्टिन्जेन्सी रकम भुक्तानी दिन नमिल्नेमा देहायबमोजिम भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. ३८,३६४/-

| गाभौनं./मिति | बिबरण | कन्टिन्जेन्सी समेतको मूल्यांकन | मूल्यांकन मध्ये कन्टिन्जेन्सी रकम | कन्टिन्जेन्सी बाहेकको मूल्यांकन | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| १४६८/२०७५/३/३२ | सावित्रा पराजुली मार्फत वडा नं.४ मा सिखडा पुल निर्माण | ३०१९८०.४१ | १४३८०.४१ | २८७६००.०० | ३०००००.०० | १२४००.०० |
| १४६७/२०७५/३/३२ | सावित्रा पराजुली मार्फत वडा नं.४ मा ट्युवेल खरिद | १००१७९.४५ | ४७७०.४५ | ९५४०९.०० | १०००००.०० | ४५९१.०० |
| १४५८/२०७५/३/३२ | सत्य नारायण चौधरी मार्फत वडा नं.४ मा बाटो मर्मत र ग्राभेल | २५२९५५.५० | १२०४५.५० | २४०९१०.०० | २५००००.०० | ९०९०.०० |
| १४५१/२०७५/३/३१ | महेश रेग्मी मार्फत वडा नं.८ मा ह्युम पाइप खरिद र जडान | ४०९५९६.०० | १०५९३.०० | ३९९००३.०० | ४०००००.०० | ९९७.०० |
| १४५०/२०७५/३/३१ | सिलत चौधरी मार्फत शेराखोला नदी नियन्त्रण | १३५२१०.०० | ६४३८.०० | १२८७७२.०० | १३१०००.०० | २२२८.०० |
| १४४९/२०७५/३/३१ | महेश रेग्मी मार्फत वडा नं.८ मा ठूलोमोहर प्रा.वि.घेराबारा | ३०५४८९.०० | १४५४७.०० | २९०९४२.०० | ३०००००.०० | ९०५८.०० |
| | | **१५०५४१०.३६** | **६२७७४.३६** | **१४४२६३६.००** | **१४८१०००.००** | **३८३६४.००** |

वडाका कर्मचारीबाट अमानतमा गराएको अन्य निर्माण कार्यमा समेत यस्तै स्थिति रहेकोले सम्पूर्णको बढी भुक्तानी रकम यकिन गरी असुल गर्नुपर्ने देखिन्छ ।

२७. **पार्श्वचित्र निर्माणः** गोभौनं.७।२०७४।४।१२ र ८।२०७४।४।१२ बाट पाश्वचित्र निर्माण वापत रु.९,९१,०१०।०० खर्च गरेकोमा निम्नानुसार देखिएको छः

२७.१. पाश्वचित्र निर्माणको तथ्यांक संकलनको लागि २०७५।२।२ सम्म कार्य सम्पन्न गर्नेगरी कमन इन्टरनेशनल मेडिया प्रा.ली.सँग रु.४,९७,२००।०० को सम्झौता भएकोमा उक्त संस्थाले पेश गरेको बिलको आधारमा २०७५।२।२८ मा मात्र कार्य सम्पन्न भएकोले ८ दिनको पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने रु. १,९८८/८०

२७.२. यसरी तयार भएको पार्श्वचित्र प्रकाशन भए नभएको सम्बन्धमा जानकारी हुन सकेन ।

२८. **कार्यालय भवनः** कार्यालयको कम्पाउण्ड वाल र तला थप कार्य गर्न निर्माण व्यबसायी सम्सेर निर्माण सेवासँग मुअकर समेत रु.५०,२४,९८६।०० को सम्झौता भएकोमा गोभौनं.१६९।२०७४।७।२१ बाट तेस्रो बिल भुक्तानी हुँदाको अबस्थासम्म रु.२६,३२,५८२।९६ भुक्तानी भएकोमा निम्नानुसार देखिएको छः

२८.१. निर्माण व्यबसायीसँग भएको सम्झौताबमोजिम २०७४।२।१५ मा कार्य सम्पन्न गर्नुपर्नेमा २०७४।१०।३० सम्म म्याद थप भएको देखिन्छ । २०७४।७।२१ मा तेस्रो बिल भुक्तानी हुँदाको अबस्थासम्म रु.२६,३२,५८२।९६ भुक्तानी देखिन्छ । तेस्रो बिल पछि कुनै कार्य नभएको र म्याद थपको अवधि समेत समाप्त भई सकेकोले पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी कार्य सम्पन्न गराउनु पर्दछ ।

२८.२. गोभौनं.५४।२०७४।४।१७ बाट निर्माण व्यबसायीको पहिलो बिल वापत रु.९,५६,५८२।०० भुक्तानी २४,७४०/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | भएकोमा कर बिजक रु.९,३१,८४२।८५ मात्र भएकोले कर बिजकभन्दा बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु. | |
| २९. | **गत बर्षको दायित्वः**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था रहेकोमा २०७३।७४ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.२ करोड २८ लाख भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७४।७५ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | |
| ३०. | **बढी भुक्तानीः** उपभोक्ता समितिलाई सम्झौताबमोजिमको रकम भुक्तानी दिनुपर्नेमा निम्नानुसार बढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिन्छ । | |
| ३०.१. | गोभौनं.७९।२०७४।४।२६ बाट निर्माण व्यबसायी श्रीजल निर्माण सेवालाई प्रथम बिल भुक्तानीको नापी सिटमा रु.१०,१००।०० कन्टिन्जेन्सी कट्टा गरी भुक्तानीको सिफारिश गरेकोमा पुरै भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु. | १०,१००/- |
| ३०.२. | गोभौनं.१२४।२०७४।६।९ बाट दत्कीच्चा खोलामा झोलुङ्गे पुल निर्माण कार्यको लागत अंक रु.२,६१,४०९।०० मध्ये उपभोक्ता समितिले रु.८२,५००।०० व्यहोर्ने गरी सम्झौता भएकोमा कार्य सम्पन्न हुँदा रु.३,३३,९४७।०० मुल्यांकन भई पुरै भुक्तानी भएकोले सम्झौता गर्दाको अनुपातिक हिसाबले बढी भुक्तानी हुन एवं सम्झौताभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १,५५,०३८/- |
| ३०.३. | गोभौनं.१०६३।२०७५।२।२० बाट वडा नं.१ मा बाटो मर्मत कार्यको लागत अनुमान रु.९,३०,८१७।०० भएकोमा सो कार्यको लागि मुअकर रु.१,०७,०८५।०० सहित रु.९,१७,३८७।०० भुक्तानी भएको देखिन्छ । कर्मचारी दिपशिखा सापकोटा मार्फत अमानतमा गराएको उक्त कार्यमा भएको खर्चको कर बिजकको अनुसार रु.७७,८६०।५८ मात्र मुअकर हुने देखिएकोले कर बिजकमा उल्लेख भएभन्दा बढी मुअकर भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.<br>साथै उक्त कार्यको बिल भरपाईमा खाजा खानाको रु.१५,६००।०० समेत संलग्न गरेको पाइयो । निर्माण कार्यको रकमबाट यस्तो खर्च गर्न मिल्ने देखिएन । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | ३९,२२४/६३ |
| ३०.४. | गोभौनं.११।२०७५।३।१० लगना बक्लौरी बाटो निर्माण उपभोक्ता समितिसँग नगरपालिका र उपभोक्ता समितिबाट व्यहोर्ने गरी कन्टिन्जेन्सी रु.५१,०००।०० समेत रु.२०,४०,०००।०० को सम्झौता भएको देखिन्छ । सम्झौता बमोजिम कन्टिन्जेन्सी कट्टा गर्दा रु.१९,८९,०००।०० को कार्य हुनुपर्नेमा मूल्यांकन रु.१९,६४,६७५।०० को मात्र भएको र कन्टिन्जेन्सी समेत सम्झौताबमोजिमको पुरै रकम भुक्तानी भएकोले बढी भुक्तानी हुन गएको रकम असुल गर्नुपर्ने रु. | २४,३२५/- |
| ३१. | **कर लगायतका रकम कट्टा नगरकोः** उपभोक्ता समितिसँग भएको सम्झौताबमोजिम कट्टा गर्नुपर्ने रकम कट्टा गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्नेमा गोभौनं.१४७९।२०७५।३।३२ बाट झुम्का बधाशाला निर्माण उपभोक्ता समितिको रु.१ लाख पेश्की फछ्यौट गर्दाको बिल भरपाई बमोजिम रु.९,०१,८७९।३६ मध्ये अग्रीम कर रु.१३,५२८।००, बहाल कर रु.४,१००।००, मर्मत कोष रु.४,५०९।०० र कन्टिन्जेन्सी रु.२७,०५६।०० समेत रु.४९,१९३।०० कट्टा गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्ने नगरेको रु. | ४९,१९३/- |
| ३२. | **बढी निकासाः** शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः | |
| ३२.१. | शंकर आधारभुत बिद्यालयका शिक्षक श्री नाथुराम चौधरी २०७५।१।११ मा अबकास भएकोमा निजको नाममा तेश्रो चौमासिक पुरै निकासा गएकोले बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु. | ८४,५८९/९८ |
| ३३. | **तलवी प्रतिवेदनः** नगरपालिका अन्तर्गतका बिद्यालयका शिक्षकहरुलाई बर्षभरीमा रु.१०,००,३१,९३०।०० तलब निकासा प्रदान गरेकोमा शिक्षक किताबखानाबाट शिक्षकहरुको तलबि प्रतिवेदन पास भएको देखिएन । | |
| ३४. | **सामाजिक सुरक्षा वितरणः** सामाजिक सुरक्षा अनुदान बितरणमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्: | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

३४.१. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि, २०७२ को दफा १० मा सुबिधा उपभोग गर्न ईच्छुक र योग्य नागरिकले अनिबार्य रुपमा परिचयपत्र लिनुपर्ने व्यवस्था रहको छ । यसैगरि परिचयपत्र प्राप्तिका लागी अनुसुचीहरुमा तोकिएको ढाँचामा फारमहरु गाऊँपालीकाले निशुल्क उपलब्ध गराउने, साबिकमा परिचयपत्र लिएका व्यक्तिहरुको नवीकरण गर्नुपर्ने, परिचयपत्र बितरण नगरी भत्ता बितरण गर्न नहुने जस्ता बिषयहरु उल्लेख गरिएको छ । भत्ता बितरण भरपाई परीक्षण गर्दा कुनैपनि लाभग्राहीको परिचयपत्र उल्लेख गरिएको पाईएन । यसरी परिचयपत्र जारी नगरि भत्ता बितरण गर्दा बितरण कार्यमा अनियमितता हुने, लक्षित बर्गसमक्ष रकम नपुग्ने र अभिलेख तथा सुचना प्रबाह प्रणाली ब्यबस्थापन कमजोर हुने साथै लक्षीत बर्गले भत्ता प्राप्त गरे नगरेको यकिन गर्न नसकिने भएकोले कार्यालयले शीघ्र परिचयपत्र बितरण गरी आर्थिक अनुसाशन कायम गराउनुपर्ने देखिन्छ ।

३४.२. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा ३८ मा प्रत्येक गाउँपालीका र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता/वृति प्राप्त गर्न योग्य भएका सबै लक्षित समूहले नयाँ परिचयपत्रका लागि दिएका निवेदन उपर छानबिन गरी परिचयपत्र प्रदान गर्नका लागि सिफारिस गर्न तथा सामाजिक सुरक्षा कार्यक्रमको रकम प्रवाहको स्थानीयस्तरमा अनुगमन गर्न नगरपालिकाको निर्वाचित जनप्रतिनिधि प्रमुख वा सो जिम्मेवारी तोकिएको पदाधिकारीको अध्यक्षतामा एक स्थानीय सामाजिक सुरक्षा समन्वय समिति गठन गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार यस नगपालिकाले स्थानिय सामाजिक सुरक्षा समन्वय समिति गठन गरी परिचयपत्र वितरण संख्या, नविकरण गरिएको संख्या र लगत कट्टा गरिएको संख्याको निर्णयसहितको स्पष्ट विवरण पेश गरेको पाइएन ।

३४.३. नेपाल सरकारले आ.ब.२०७१।७२ को बजेट बक्तब्य मार्फत लागु भएको राज्यका ७० वर्ष पुगेका सबै ज्येष्ठ नागरिकहरुलाई औषधी उपचार खर्चको रुपमा रकम उपलब्ध गराउने निर्णय गरेकोमा नगरपालीकाले आ.व. २०७४।७५ मा औषधि उपचार बापतको रकम वितरण गर्दा उमेर पुगेका प्रत्येक गाँउपालीका तथा नगरपालिकाको सबै ज्येष्ठ नागरिकहरुको छुट्टै लगत खडा गरी राखेको पाइएन । यसले स्पष्ट लक्षित समुहको वर्गीकरण गरी ७० वर्ष उमेर समूहका सबै नागरिकलाई जेष्ठ नागरिकमा अद्यावधिक गरी लगत खडा गर्नुपर्ने देखिन्छ ।

३४.४. सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७२ को दफा २२(ख) वमोजिम बैंकिङ सुविधा भएमा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने व्यवस्था गरे अनुसार केही वडाको बैंक मार्फत र केही वडामा पेश्की मार्फत बितरणको कार्य भएको पाइयो । नियमानुसार सम्पूर्ण रकम बैकिङ्क प्रणाली मार्फत वितरण गर्नुपर्दछ ।

३५. **अमानतबाट कार्यः** बिभिन्न वडाका अध्यक्षको सिफारिसमा वडा सचिव एवं अन्य कर्मचारी मार्फत भएको कार्यको मूल्यांकन गरी सम्बन्धित कर्मचारीलाई भुक्तानी दिएको देखिन्छ । यसरी कर्मचारी मार्फत अमानतमा कार्य गराउने सम्बन्धमा निर्णय भएको समेत नदेखिएको एवं यस प्रकार कर्मचारीबाट कार्य गराएको नियमित नदेखिएको रु.

२८,९८,३८७/-

| गोभौनं./मिति | वडा नं. | कार्य गर्ने कर्मचारी | कार्य बिबरण | भुक्तानी रकम |
|---|---|---|---|---|
| १४६८/२०७५/३/३२ | ४ | सावित्रा पराजुली | सिखडा खोला पुल निर्माण | ३०००००.०० |
| १४६७/२०७५/३/३२ | ४ | सावित्रा पराजुली | ट्युवेल खरिद | १०००००.०० |
| १४७३/२०७५/३/३२ | ४ | सावित्रा पराजुली | प्रतिक्षालय निर्माण | १०००००.०० |
| "" | "" | "" | कुलो मर्मत | २५०००.०० |
| "" | "" | "" | सडक ग्राभेल तथा मर्मत | ३२५०००.०० |
| १४७४/२०७५/३/३२ | ४ | सत्य नारायण चौधरी | खेलकुद मैदान मर्मत तथा व्यबस्थापन | ५००००.०० |
| १४५८/२०७५/३/३१ | ४ | सत्य नारायण चौधरी | बाटो मर्मत र ग्राभेल | २५००००.०० |
| १४५१/२०७५/३/३१ | ८ | महेश रेग्मी | ह्युम पाईप खरिद तथा जडान | ४०००००.०० |
| १४५०/२०७५/३/३१ | ८ | सिलत चौधरी | शेराखोला नदी नियन्त्रण | १३१०००.०० |
| १४४९/२०७५/३/३१ | ८ | महेश रेग्मी | ठूलोमोहर प्रावि घेराबार | ३०००००.०० |
| १०६३/२०७५/२/१० | १ | दिपशिखा सापकोटा | बाटो मर्मत | ९१७३८७.०० |
| | | **जम्मा** | | **२८९८३८७.००** |

यस प्रकार कर्मचारीलाई कार्यादेश दिई अमानतबाट कार्य गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३६. **लागत अनुमान र खुला दरभाउपत्रः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार खरिदको लागत अनुमान तयार गर्नुपर्ने एवं सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) बमोजिम एक

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपूर्तिकर्तासँग लिखित रुपमा दरभाउपत्र प्राप्त गर्नुपर्नेमा उल्लिखित प्रकृया पुरा नगरी कार्य गराएको केही उदाहरणहरु निम्नानुसार रहेका छन्:

| कार्यक्रम | गोभौनं./मिति | बिबरण | भुक्तानी रकम |
|---|---|---|---|
| समानीकरण चालु | ७८/२०७४/६/९ | सि.सि.क्यामेरा खरिद | १३४३५०.०० |
| | १९४/२०७४/९/११ | कार्यालय सामान | १४२४१३.०० |
| | १९८/२०७४/९/२१ | औषधी खरिद | ४९९८३९.०० |
| संघीय संरचना पूर्वाधार | १०/२०७४/४/२२ | प्रिन्टर खरिद ८ थान | २५२८००.०० |
| | १३/२०७४/५/५ | फर्निचर (सोफा सेट) | ३६६७९९.०० |
| | १७२०७४/६/८ | डेल सर्भर | २५००००.०० |
| एल.जी.सी.डी.पी. | १/२०७५/३/१७ | मेसिनरी औजार खरिद | ३९५५००.०० |
| | ७/२०७४/१०/१२ | कम्प्युटर खरिद | ३२१७००.०० |
| | ८/२०७४/१०/१२ | मेसिनरी औजार खरिद | ३२२९५०.०० |
| | **जम्मा** | | **२६८६३५१.००** |

३७. **फोहोरमैला व्यबस्थापन खर्चः** गोभौनं.४७४।२०७५।३।४ बाट नगरको सरसफाईको लागि एस आर कन्स्ट्रक्सन प्रा.ली. मार्फत ३२९ घण्टा जेसीभी प्रयोग गरेको आधारमा रु.८,१७,८९४।०० भुक्तानी गरेको देखिन्छ । उक्त कार्य गराउँन जेसीभी भाडामा लिने प्रयोजनको लागि प्रतिस्पर्धा नगराएको एवं भएको कार्यको प्राविधिक मूल्यांकन समेत नगरी जेसीभी प्रयोग भएको लगसिटको आधारमा मात्र भुक्तानी गरको उपयुक्त नदेखिएको रु. — ८,१७,८९४/-

३८. **जिन्सी व्यबस्थापनः** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ५० मा जिन्सी निरीक्षण गरी प्राप्त भएका जिन्सी सामानहरु आम्दानी बाधिए नबाधिएको, प्रयोगको अवस्था गतवर्षको उयपोग र यस वर्षको परिमाण समेत मूल्याङ्कन गरी प्रतिबेदन तयार गर्नुपर्ने र प्रतिवेदनमा उल्लेखित व्यहोरा कार्यान्वयन गर्नुपर्ने व्यबस्था छ । खरिद भएको खप्ने सामानहरु दाखिला गर्दा फारमले निर्दिष्ट गरेका मूल्य, स्पेशिफिकेशन, प्राप्तिका स्रोत लगायत विवरण उल्लेख गरी दाखिला व्यवस्थित गरेको छैन । सामान खरिद गर्नुपर्दा स्पेशिफिकेशन तयार गर्ने नगरेको देखिएकोले जिन्सी व्यवस्थापन कमजोर देखिएको छ । नगरपालिका कार्यालय स्थापनाको शुरुवात चरणमा रहेकोले शुरु देखि नै जिन्सी व्यवस्थित गर्नेतर्फ ध्यान पुऱ्याई नियमाबलीको पालनामा ध्यान दिनुपर्दछ ।

३९. **जिन्सी दाखिला नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४७(१) बमोजिम खरिद गरी प्राप्त सामानको मूल्य खुलाई जिन्सी खातामा आम्दानी जनाउनु पर्नेमा सो बमोजिम नभएको निम्नानुसारको भुक्तानी सम्बन्धमा ती सामान जिन्सी दाखिला गरी सोको प्रयोगको स्थिति समेत खुलाउनुपर्ने रु. — ३,००,०००/-

| गोभौनं./मिति | बिबरण | रकम |
|---|---|---|
| १३३१/२०७५/३/१३ | वडा नं.७ का वडा सचिव लिलाराज अधिकारीले युपिएस, बेट्री, फिर्निचर खरिद गरेको बिलको आधारमा पेश्की फछ्र्यौट गरेकोमा बिलबमोजिमको सामान जिन्सी दाखिला भएको नदेखिएको रु. | ३०००००.०० |
| | **जम्मा** | **५५०१६१.००** |

४०. **अतिरिक्त सुबिधा**ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनु पर्ने व्यवस्था छ । नगरपालिकाले कार्यालय प्रमुख देखि स्वीपरसम्म छनौटको आधारमा प्रति कर्मचारी रु.१२,०००।०० देखि २,०००।०० सम्मका दरले मासिक रु.७९,७००।०० का दरले बार्षिक रु.९,५६,४००।०० स्थानीय भत्ता प्रदान गरेकोमा यसरी थप सुबिधा प्रदान गर्न नगरपालिकबाट निर्णय भएको समेत नदेखिएको एवं थप भत्ता दिनुले आर्थिक व्ययभार बढ्न गएको देखिन्छ ।

४१. **पेश्कीः** आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम समयमै पेश्की फछ्र्यौट गर्नुपर्नेमा आर्थिक बर्षको अन्तमा रु.३,१९,९५,३८८।०० पेश्की बाँकी रहेको मध्ये चालु आन्तरिक स्रोततर्फ मन्सा — ३,१८,३२,४६३/-

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | चौधरीको रु.५०,०००।००, चालु नेपाल सरकारतर्फ दुर्गेश कुमार विश्वकर्माको रु.५२,९२५।०० र अभिनारायण भट्टराईको रु.६०,०००।०० समेत रु.१,६२,९२५।०० लेखापरीक्षण अवधिसम्म फछ्र्यौट भएको फाँटवारी परीक्षणको लागि पेश भएकोले बाँकी देहायबमोजिमको पेश्की आर्थिक बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेकोले नियमानुसार असुल फछ्र्यौट गर्नुपर्ने रु. | |

| क्र.सं. | नाम | चालुबर्षको पेश्की बाँकी |
|---|---|---|
| **चालु आन्तरिक श्रोत** | | |
| १. | घनेन्द्र कोइराला | ३५०००.०० |
| २. | मधुवर्ण राई | १५०००.०० |
| ३. | विन्देश कुमार चौधरी | ६६०००.०० |
| | **जम्मा** | **११६०००.००** |
| **चालु नेपाल सरकारतर्फ** | | |
| ४. | घनेन्द्र कोइराला | ५६५०००.०० |
| ५. | नगेन्द्र पौडेल | २००००.०० |
| ६. | निरज चौधरी | १५०००.०० |
| ७. | लिलाराज अधिकारी | ४००००.०० |
| ८. | कमल लामिछाने | १५०००.०० |
| ९. | कमल कुमारी चौधरी | ५८००००.०० |
| १०. | महेश कुमार चौधरी | २५०००.०० |
| ११. | स्वास्थ्य चौकी सिगिंया | २२००००.०० |
| १२. | रामनारायण चौधरी वडा अध्ययक्ष | ५००००.०० |
| १३. | दुर्गा वहादुर भण्डारी | ४६०००.०० |
| १४. | दुर्गा प्रसाद पराजुलि | ७०००००.०० |
| १५. | पेसागत महासङघ नेपाल काठमाण्डौ | २५०००.०० |
| १६. | विन्देश कुमार चौधरी | ६६०००.०० |
| १७. | वडा कार्यालय वक्लौरी | ८५०००.०० |
| १८. | वडा कार्यालय वक्लौरी वडा नं. ७ | ७५०००.०० |
| | **जम्मा** | **२५२७०००.००** |
| **चालु सर्सततर्फ** | | |
| १९. | गाउँघर क्लिनीक तथा वाहिरी खोप केन्द्र भवन निर्माण उपभोक्ता समिति रामधुनी - ७ | १९८०००.०० |
| | **जम्मा** | **१९८०००.००** |
| **पूँजीगत आन्तरिक कोषतर्फ** | | |
| २०. | सर्वपक्षिय दलित सञ्जाल रामधुनी न.पा.-२ नं. वडा समन्वय समिति | १००००.०० |
| २१. | श्री तेरह्र वालवालिका स्मृती आधारभुत विद्यालय रामधुनी -६ | १२००००.०० |
| २२. | शान्ति मार्ग कालो पत्रे निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-५ सुनसरी | ३८००००.०० |
| २३. | डुमरीया मिठ्चौक सडक निर्माण समिति रामधुनी -१ डुमरीया | ३२३०००.०० |
| २४. | फिल्ड मर्मत तथा घेरावेरा उपभोक्ता समिति रामधुनी -२ कुम्याही भोडा | ६०००.०० |
| | **जम्मा** | **८३९०००.००** |
| **पूँजीगत नेपाल सरकारतर्फ** | | |
| २५. | घनेन्द्र कोइराला | १६९१०००.०० |
| २६. | सत्य नारायण चौधरी | ९९०७.०० |
| २७. | नन्दकुमारश्रेष्ठ | १९५६५००.०० |
| २८. | दिलिप कुमार चौधरी | १३८००००.०० |
| २९. | लिलाराज अधिकारी | १५०००.०० |
| ३०. | हर्ष लाल चौधरी | ३९६०००.०० |
| ३१. | हरिदेव ठाकुर | २२५०००.०० |
| ३२. | शंकर प्रसाद तिमल्सीना | १७५०००.०० |
| ३३. | महेश कुमार चौधरी | २५०००.०० |
| ३४. | डाकिन थान वालविकास केन्द्र | ५००००.०० |
| ३५. | स्वास्थ्य चौकी वक्लौरी | ६७०००.०० |
| ३६. | स्वास्थ्य चौकी सिगिंया | ४०००००.०० |
| ३७. | सम्झौता मार्ग उपभोक्ता समिति रामुधनी न.पा. -३ एकता टोल सुनसरी | ३३०००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|
| | | ३८. | समाज तथा मानवीय विकास कार्यकर्ता -समाविका-मञ्च | १५६७५०.०० | |
| | | ३९. | समाहित अपाङ्गता कृषि सहकारी संस्था | ५५०००.०० | |
| | | ४०. | साईराम टोल बाटो निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-३ सिगिया | ३३०००.०० | |
| | | ४१. | सामुदायिक वन उपभोक्ता समुह | ५००००.०० | |
| | | ४२. | सामुदायिक विकास कोष ३२५५ | ५००००.०० | |
| | | ४३. | सामुदायिक विकास कोष वार्ड नं. ८ | १०००००.०० | |
| | | ४४. | सामाजिक सचेतनाका लागी सूचना केन्द्र ईनरुवा सुनसरी | १६७०००.०० | |
| | | ४५. | सार्वजनिक शौचालय निर्माण समिति रामधुनी -३सिगियासुनसरी | ४००००.०० | |
| | | ४६. | सर्वपक्षिय दलित संजाल | ११००००.०० | |
| | | ४७. | रामजानकी मार्ग उपभोक्ता समिति ५ | ५२८०००.०० | |
| | | ४८. | रामधुनी समाज कल्याण नेपाल रामधुनी सुनसरी | १००००.०० | |
| | | ४९. | रामधुनी युवा क्लब रामधुनी नगरपालिकासुनसरी | ६५०००.०० | |
| | | ५०. | रामधुनी धमौरा सडक नारायण टोल रामधुनी -५सुनसरी | ३६००००.०० | |
| | | ५१. | राधा कृष्ण मार्ग निर्माण उपभोक्ता समिति रामधुनी भासि -७ सुनसरी | १६५००.०० | |
| | | ५२. | श्री पंचायत माध्यमिक विद्यालय कुमरखत बक्लौरी | ५०००.०० | |
| | | ५३. | श्री चन्द्र कमल माध्यमिक विद्यालय मचैया - ९ | १००००.०० | |
| | | ५४. | श्याम प्रसाद ढकाल | ३०८५००.०० | |
| | | ५५. | बसन्त मोते | ५५०००.०० | |
| | | ५६. | बालसदन बाटो ग्राभेल उपभोक्ता समिति रामधुनी -९ सुनसरी | ३३०००.०० | |
| | | ५७. | मनेश कुमारी चौधरी | ५००००.०० | |
| | | ५८. | मन्दिर तथा बाटो उपभोक्ता समिती रामधुनी -४ सुनसरी | ३३०००.०० | |
| | | ५९. | महिला सामुदायिक भवन निर्माण वार्ड नं. ५ | २६४०००.०० | |
| | | ६०. | मचैया मुलबाटो ढल निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-९ सुनसरी | १२८७०००.०० | |
| | | ६१. | भवानी मार्ग ड्रेन निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-३ प्रगती टोल सन | २६४०००.०० | |
| | | ६२. | नेपाल आदिवासी जनजाति महासंघ | २००००.०० | |
| | | ६३. | नेपाल विधुत प्राधिकरण इटहरी | २०००००.०० | |
| | | ६४. | नेपाल विधुत प्राधिकरण झुम्का सुनसरी | ३११२७६.०० | |
| | | ६५. | नेपाल लोकतान्त्रिक थारु संघ जिल्ला कमिटिसुनसरी | २००००.०० | |
| | | ६६. | जेष्ठ नागरिक नगर समिति रामधुनी भासि न.पा. सुनसरी | ५००००.०० | |
| | | ६७. | वातावरण तथा प्राविधिक परामर्श नेपाल ईटहरी -१२ खनार | १८७५००.०० | |
| | | ६८. | पुल रेलिङ्ग निर्माण उपभोक्ता समिति रामधुनी -३ सुनसरी | ३३०००.०० | |
| | | ६९. | परालिगल कमिटी नेपाल सुनसरी २०६४ | ४२९००.०० | |
| | | ७०. | पन्चायन बाध निर्माण उपभोक्ता समिति रामधुनी न.पा. -७ सुनसरी | १९८०००.०० | |
| | | ७१. | पक्की नाला निर्माण उपभोक्ता समिति रामधुनी न.पा. -४ रामपुरा सुनसरी | ६६००००.०० | |
| | | ७२. | पाना खोला सिंचाई बाध निर्माण | ४८०००.०० | |
| | | ७३. | पर्शा गाछी शिवनगर मार्ग उपभोक्ता समिति रामधुनी न.पा-.४-सुनसरी | ४७८५००.०० | |
| | | ७४. | प्रतिक्षा श्रेष्ठ | १०००००.०० | |
| | | ७५. | प्रगतीशिल मार्ग पक्की ड्रेन उपभोक्ता समिति रामधुनी -३ | ३३००००.०० | |
| | | ७६. | सितपुर डुम्राहा बाटो मर्मत उपभोक्ता समिति सुनसरी | ६६०००.०० | |
| | | ७७. | दिपक श्रेष्ठ | ५७५००.०० | |
| | | ७८. | लगौना बक्लौरा बाटो निर्माण उपभोक्ता समिति रामधुनी -५ | २५००००.०० | |
| | | ७९. | कुमरखत ड्रन निर्माण उपभोक्ता समिति बक्लौरी -२ | १३९००००.०० | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | | | | | बेरुजू रकम रु. |
|---|---|---|---|---|---|---|
| | | | सुनसरी | | | |
| | | ८०. | कल्भर्ट निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-६ विष्ट चौक | २४०००.०० | | |
| | | ८१. | कर्मनिया दर्शनबाध उपभोक्ता समिति ७ | ६६०००.०० | | |
| | | ८२. | तेतरी देवी खत्वे | १५०००.०० | | |
| | | ८३. | हरिदेव ठाकुर | ८००००.०० | | |
| | | ८४. | शांग्रिला माइक्रो सिष्टम प्रा. लि | १४५५३०.०० | | |
| | | ८५. | डुमरिया सडक निर्माण उपभोक्ता समिति रामधुनी -१ सुनसरी | ६६००००.०० | | |
| | | ८६. | सामुदायिक भवन निमार्ण समिति रा.भा. न.पा. २ करमनिया टोल शिवनगर | ६६०००.०० | | |
| | | ८७. | सामुदायिक भवन निर्माण समिति रामधुनी न.पा. -४ लालपुर सुनसरी | ४९५००.०० | | |
| | | ८८. | रघुनाथपुरबाट रेग्मी टोल सम्म पक्की नाला निर्माण उपभोक्ता रामधुनी -८ | १३२००००.०० | | |
| | | ८९. | राम जानकी मन्दिरमा चौतारा निर्माण उपभोक्ता समिति रामधुनी -६ | १९८००.०० | | |
| | | ९०. | रामधुनी भकना पक्की सडक निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-२ | २५२६०००.०० | | |
| | | ९१. | श्री रामजनकी ललितेश्वर शिव मन्दिररामधुनी न.पा.-४ लालपुर | ३३०००.०० | | |
| | | ९२. | दन्तकाली मार्ग उपभोक्ता समिति रामधुनी न.पा. -३ परियारपुर सुनसरी | १३२०००.०० | | |
| | | ९३. | अस्थायी प्रहरी पोष्ट निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-७ पन्चायन | ३३०००.०० | | |
| | | ९४. | भगवती दिनाभद्री मन्दिर मर्मत उपभोक्ता समिति रामधुनी -३ पानीटकी | ४९७५०.०० | | |
| | | ९५. | जेष्ठ नागरिक विश्राम चैतारा निर्माण उपभोक्ता समिती रामधुनी - २ | ३३०००.०० | | |
| | | ९६. | जय शम्भु शिवालय मन्दिर निर्माण योजना रामधुनी -७ वक्लौरी सुनसरी | ३३३००.०० | | |
| | | ९७. | वडा वाल संरक्षण तथा सवद्धन उप-समिति रामधुनी -२ सुनसरी | ४३७५००.०० | | |
| | | ९८. | पक्की नाला निर्माण उपभोक्ता समिति रामधुनी .न.पा. -१ झुम्का सुनसरी | ४९५००.०० | | |
| | | ९९. | पक्की नाला निर्माण उपभोक्ता समिति रामधुनी न.पा. -२ शिवनगर | १७३२५००.०० | | |
| | | १००. | पौडेल चोक पक्की नाला निर्माण उपभोक्ता समिति रामधुनी -८ सुनसरी | ४२८०००.०० | | |
| | | १०१. | प्रगति टोल विकास संस्था उपभोक्ता समिति रामधुनी | १६५००.०० | | |
| | | १०२. | सिंगिया हाट खोला पक्की नाला निर्माण समिति रामधुनी -३ सुनसरी | २६४०००.०० | | |
| | | १०३. | दिनाभद्री मन्दिर निर्माण योजना रामधुनी -६ सुनसरी | ३३०००.०० | | |
| | | १०४. | मिलीजुली टोल विकास समिति रामधुनी -३ सुनसरी | १६५००.०० | | |
| | | १०५. | मिलन टोल नाला निर्माण उपभोक्ता समिति रामधुनी १ झुम्का सुनसरी | ३३६६००.०० | | |
| | | १०६. | किशोर काफलेको घरबाट रेवत खतिवडाको घर सम्म बाटो मर्मत ग्राभेल निर्माण रामधुनी न.पा. -८ | १६५००००.०० | | |
| | | १०७. | शिवनगर खानेपानी पाइप लाइन उपभोक्ता समिति रामधुनी -२ सुनसरी | ३५०००.०० | | |
| | | १०८. | ऊ शान्ति मार्ग कालो पत्रे निर्माण उपभोक्ता समिति रामधुनी न.पा. -१ | ३८४४५०.०० | | |
| | | १०९. | ग्रामीण अपाङ्गता पुर्नस्थापना समिति डुम्राहा सुनसरी | १२५०००.०० | | |
| | | ११०. | ग्रामथान मर्मत तथा घेरावेरा उपभोक्ता समिति रामधुनी -१ सुनसरी | १२८७००.०० | | |
| | | १११. | शेहरा खोला झोलुङ्गे पुल निर्माण उ.स. डुम्राहा -३ ठुलो मोहर सुनसरी | ११२५००.०० | | |
| | | | **जम्मा** | **२५९५२४६३.००** | | |
| | | **प्रदेश सरकार अनुदानतर्फ** | | | | |
| | | ११२. | श्री युवा युनाइटेड क्लव वक्लौरी -४ कटघरा | १०००००.०० | | |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| ११३. | उपकार परिवाररामधुनी न.पा. वडा नं. -३ सुनसरी | ५०००००.०० |
| ११४. | जसनारायण मार्ग प्रवेश द्वार नि.उ. समिति रामधुनी -१ सुनसरी | १०००००.०० |
| ११५. | प्रशन्न टोल मोहनपुर नाला नि.उ.स. रामधुनी -१ सुनसरी | ९०००००.०० |
| ११६. | मितेरी पुल निर्माण उपभोक्ता समिति रामधुनी न.पा.-५ सुनसरी | ६०००००.०० |
| | **जम्मा** | **२२०००००.००** |
| | **कुल जम्मा** | **३१८३२४६३.००** |

४२. **उपभोक्ता समितिलाई पेश्की:** नगरपालिकाले उपभोक्ता समितिसँग भएको सम्झौताको ३३ प्रतिशत पेश्की प्रदान गर्ने गरेको पाइयो । यसरी प्रदान गरेको पेश्की रनिङ्ग बिल भुक्तानी हुँदा क्रमशः कट्टा गर्दै जानुपर्नेमा रनिङ्ग बिल भुक्तानी गर्दा पहिलो पटक लगेको पेश्की फछ्र्यौट जनाई पुनः सोही बराबरको पेश्की उपलव्ध गराउने र यसरी प्रदान गरेको पेश्की अन्तिम बिल भुक्तानी गर्दा मात्र कट्टा हुने गर्ने गरेको देखिन्छ । यस्तो प्रकृयाले उपभोक्ता समितिलाई अन्तिम किस्ता भुक्तानी नहुँदाको अबस्थासम्म ३३ प्रतिशत पेश्की रहीरहने अबस्था देखिएको छ । कतिपयमा कार्य मुल्यांकन नगरी दोस्रो पटक थप पेश्की दिई कानून बिपरीत ६६ प्रतिशत पेश्की प्रदान गरको समेत देखिन्छ । यसका केही उदाहरणहरु देहायबमोजिम छन्:

| योजनाको नाम | मिति | पेश्की दिएको | पेश्की फछ्र्यौट भएको | पेश्की बाँकी |
|---|---|---|---|---|
| झुम्का जेसिस | २०७४/९/२ | ३३००००.०० | - | ३३००००.०० |
| " | २०७४/९/२४ | ३३००००.०० | ३३००००.०० | ३३००००.०० |
| " | २०७४/१०/३ | ३३००००.०० | ३३००००.०० | ३३००००.०० |
| " | २०७५/३/३१ | ० | ३३०००००.०० | ० |
| रघुनाथपुरबाट रेग्मी टोलसम्म पक्की नाला निर्माण | २०७५/१/७ | ६६००००.०० | ० | ६६००००.०० |
| " | २०७४/३/२४ | ६६०००००.०० | ० | १३२००००.०० |

यस प्रकार अन्तिम बिल भुक्तानी नहुँदासम्म ३३ प्रतिशत पेश्की बाँकी रहने एवं केहीमा ६६ प्रतिशत पेश्की प्रदान गर्ने कार्य बन्द गर्नुपर्दछ ।

४३. **आन्तरिक आय:** आर्थिक कार्यबिधि नियमाबली, २०६४ को नियम ३६ अनुसार खर्च/आम्दानी पुष्टि हुने गरी प्रमाण राख्नुपर्ने व्यबस्था रहेको छ । नगरपालिकाले यो बर्ष कवाडी ठेक्का देखि घर बहाल कर समेत बिभिन्न शीर्षकबाट रु.२,०२,६२,४६३।८७ आन्तरिक आम्दानी गरेको आय व्यय बिबरण प्राप्त भएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

४३.१. आय आर्जन गर्ने कार्यालयले अनिवार्य रुपमा प्रयोगमा ल्याउनुपर्ने रसिद नियन्त्रण खाता नराखेको, राजस्व असुली को दैनिक अभिलेख किताब म.ले.प.फा.नं १०८ नराखेको एवं आम्दानी असूली एबं दाखिला म.ल.प.फा.नं २३ नराखेको, कतिपय बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाएको, एकै बैंक भौचरबाट एकभन्दा बढी आम्दानी जनाई केहीमा पछि घटाएको लगायतका कारण आन्तरिक स्रोतको आम्दानी र बैंक दाखिलाको सम्बन्धमा यकिन हुन सक्ने स्थिति देखिएन । तसर्थ कार्यालयले उल्लिखित स्थितिमा सुधार गरी आयतर्फको स्रेस्ता र अभिलेख व्यबस्थित गर्नु पर्दछ ।

४३.२. नगरपालिकाले २०७४।७५ को लागि देहायबमोजिमको आय ठेक्का लगाएकोमा सम्झौता अनुसारको रकम प्राप्त भएको नदेखिएको र सम्झौतामा हर्जानाको व्यबस्था समेत नगरको नियमानुसारको हर्जना समेतको रकम आबश्यक कारबाही गरी असुल गर्नुपर्ने रु. ५०,४१,५७१/-

| ठेक्का बिबरण | ठेकेदारको नाम | न्यूनतम ठेक अंक | सम्झौता रकम |
|---|---|---|---|
| साप्ताहिक हटिया बुधबार शनिबारे | अजय चौधरी, रामधुनी ५ | १५१२५५५.०० | १५१३०००.०० |
| बकलौरी साप्ताहिक हटिया तथा दैनिक गुद्री बजार | आशिष श्रेष्ठ, बकलौरी ६ | १४७१०१.०० | १४७५००.०० |
| साप्ताहिक हटिया तथा दैनिक गुद्री बजार वडा नं.८ | ललित साह, रामधुनी ८ | ६११०५.०० | ६५२५००.०० |
| पटके सवारी कर | अजय चौधरी, रामधुनी ५ | २७६५५५.०० | १९८५७१.०० |
| झुम्का बधशाला सञ्चालन | अजय चौधरी, रामधुनी ५ | २५२५५५५.०० | २५३००००.०० |
| **जम्मा** | | **४५२२८७१.००** | **५०४१५७१.००** |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

उल्लिखित आय ठेक्काको न्यूनतम ठेक अंक निर्धारणको आधार समेत स्पष्ट भएको पाइएन ।

४३.३. आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ो व्यवस्था छ । नगरपालिका अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । उदाहरणको लागि वडा नं.३ ले बर्षभरीमा असुल गरेको मध्ये बर्षभरीमा दुई पटक अर्थात् २०७४।१०।२९ मा रु.१,००,०००।०० र २०७४।१२।३० मा रु.२,८०,०००।०० दाखिला गरेको र बाँकी रकम लेखापरीक्षण अबधिसम्म दाखिला नगरको स्थिति देखिएको छ । यस सम्बन्धमा सम्बन्धित कर्मचारीलाई सचेत गराई ढीला दाखिला गरे वापतको व्याज समेत असुल गर्नु पर्दछ ।

४४. **आन्तरिक लेखापरीक्षणः**आन्तरिक लेखपरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोरा अन्तिम लेखपरीक्षणको समयसम्ममा सुधार गरी सक्नुपर्ने व्यबस्था रहेको छ । आन्तरिक लेखापरीक्षण भएकोमा सोको प्रतिवेदन प्राप्त नभएकोले उक्त प्रतिवेदनको मुल्यांकन गर्न सकिएन । आलेप प्रतिवेदन प्राप्त भएपछि उक्त प्रतिवेदनका व्यहोराहरु यस प्रतिवेदनमा समाबेश भएको पाइएमा यसै प्रतिवेदन अनुसार र अन्य व्यहोराहरु सोही प्रतिवेदनमा उल्लेख भएबमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

४५. **फोहरमैला व्यबस्थापनः** नगरपालिका भित्र उत्पादान हुने फोहोरमैला व्यबस्थापनको उचित व्यबस्थापनको लागि ल्याण्डफिल साइटको दीर्घकालीन व्यबस्थापन र पूर्वाधार निर्माण गर्नुपर्नेमा यस सम्बन्धी कुनै कार्य भएको देखिएन । नगरपालिकाले संकलन गर्ने फोहोरमैला वडा नं.१ स्थित भादगाँउ नयाँटोल, ग्रामस्थान मन्दिर नजिकको गहिरो स्थानमा डम्पिङ्ग गर्ने गरेको पाइयो । फोहोरमैला वर्गीकरण गरी संकलन गर्ने र संकलन भएका फोहोरको व्यबस्थापनको लागि ल्याण्डफिल साइटको व्यबस्था गर्नुपर्दछ ।

४६. **नक्सा पासः** नगरपालिका क्षेत्र भित्र निर्माण हुने घरको लागि नक्सापासको लागि प्रति वर्ग फिट रु.६।०० का दरले दस्तुर लिने गरी निर्णय गरेको देखिन्छ । नगरपालिकाले उपलव्ध गराएको बिबरणको आधारमा २०७४।७५ मा ३०३ घरको नक्सा पास गरेको देखिन्छ । नक्सापास सम्बन्धी अभिलेख व्यबस्थित नराखेको कारण नक्सा पास गर्न लागेको दिन र ती नक्सा पासबाट प्राप्त आय सम्बन्धमा जानकारी हुन सेकेन । साथै पास गरेको नक्साबमोजिम घर निर्माण भए नभए सम्बन्धमा पर्याप्त अनुगमन हुने गरेको समेत देखिएन ।

४७. **उजुरी फछ्र्यौटः** नगरपालिकाको न्यायीक समितिमा परेका उजुरी समयमै फछ्र्यौट गर्नुपर्नेमा प्राप्त बिबरण अनुसार २०७४।७५ मा बिभिन्न क्षेत्रका ४५ उजुरी परेकोमा २० मा मिलापत्र भएको, ३ अदातल गएको एवं बाँकी टुंगिन बाँकी रहेको पाइयो । बाँकी उजुरी समयमै फछ्र्यौट गर्नु पर्दछ ।

४८. **वित्तीय जवाफदेहिता मूल्यांकनः** कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा ***अनुसूची १*** मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तर "बी" रहेको देखिन्छ । यसमा सुधार गर्दै जानुपर्दछ ।

४९. **बेरुजुः** गाउँपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ६० लाख ८४ हजार, अनियमित बेरुजु रु. ३७ लाख १६ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. १ करोड १३ लाख ५ हजार र पेश्की बाँकी रु ३ करोड १८ लाख ३२ हजार समेत रु. ५ करोड २९ लाख ३७ हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त भएकोमा रु. २४ लाख ३८ हजार बेरुजू समायोजन भई बाँकी रु. ५ करोड ४ लाख ९९ हजार कायम भएको छ ।

५०. **अनुगमन लेखापरीक्षण र सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छः *(रु.हजारमा)*

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| २९६४२ | १३५०९ | १६१३३ |

यो बर्ष सम्परीक्षणबाट बेरुजु फछ्र्यौट भएका व्यहोराहरु निम्नानुसार रहेको छः

| बेरुजुको दफा नं. | फछ्र्यौटको व्यहोरा | फछ्र्यौट रकम |
|---|---|---|
| २८ | बिल भरपाईको आधारमा मन्सा चौधरीको नाममा रहेको बेरुजु सम्परीक्षण भएको रु. | ३६४६३५.०० |
| २८ | बिल भरपाईको आधारमा कला आदर्शको नाममा रहेको बेरुजु सम्परीक्षण भएको रु. | २५७००.०० |

| दफा नं. | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | |
|---|---|---|
| १६.२ | बिल भरपाईको आधारमा रन्जिता चौधरीको नाममा रहेको बेरुजु सम्परीक्षण भएको रु. | ७५७९९.०० |
| १६.३ | बिल भरपाईको आधारमासामाजिक सचेतनाका लागि सूचना केन्द्र इनरुवाको नाममा रहेको बेरुजु सम्परीक्षण भएको रु. | २०००००.०० |
| ५० | सिलत चौधरीको नामको सामाजिक सुरक्षा भत्ता बितरणको पेश्की बितरण भरपाई र नगद दाखिलाको आधारमा फछ्र्यौटको आधारमा सम्परीक्षण भएको रु. | ५७९६०००.०० |
| ५० | रुद्र बहादुर बस्नेतको नामको सामाजिक सुरक्षा भत्ता बितरणको पेश्की बितरण भरपाई र नगद दाखिलाको आधारमा फछ्र्यौटको आधारमा सम्परीक्षण भएको रु. | ६६७१२००.०० |
| ५० | नव जागरण महिला कृषि सहकारी संस्थाको पेश्की फछ्र्यौटको आधारमा सम्परीक्षण भएको रु. | ३७५०००.०० |
| ३६ | पारिश्रमिक कर दाखिला भएको आधारमा सम्परीक्षण भएको रु. | ९००.०० |
| | **जम्मा सम्परीक्षण** | **१३५०९२३४.००** |

उल्लिखित सम्परीक्षणबाट देहायबमोजिमको बेरुजु देखिएको छः

५०.१. उल्लेख भएबमोजिम वडा नं.८ का वडा अध्यक्ष रुद्र बहादुर बस्नेतलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्न प्रदान गरेको रु.६६,७१,२००।०० पेश्की मध्ये रु.६०,६९,०००।०० भत्ता बितरण गरी बाँकी रहेको रु.६,०२,२००।०० मिति २०७५।१०।२४ मा बैंक दाखिला गरेको भौचरको आधारमा पेश्की फछ्र्यौट गरेको देखिन्छ । वडा अध्यक्षलाई पेश्की प्रदान गरी सामाजिक सुरक्षा भत्ता बितरण गर्नुपर्नाको र समयमै पेश्की फछ्र्यौट नगर्दा कार्यालयको तर्फबाट तरताकेता नहुनाको कारण स्पष्ट गर्दै समयमै पेश्की फछ्र्यौट नगरी लामो समयसम्म नगद राखेको समेत देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम २०७४।५।२ देखि २०७५।१०।२३ सम्म १ बर्ष ५ महिना २० दिनको सयकडा दश प्रतिशतले व्याज निजबाट असुल गर्नुपर्ने रु. ८८,६१२/-

५०.२. यसैगरी सितल चौधरीलाई सामाजिक सुरक्षा भत्ता बितरण गर्न प्रदान गरेको रु.५७,९६,०००।०० पेश्की मध्ये रु.५४,६९,२०००।०० भत्ता बितरण गरी बाँकी रहेको रु.३,३६,०००।०० मिति २०७५।६।७ मा बैंक दाखिला गरेको भौचरको आधारमा पेश्की फछ्र्यौट गरेको देखिन्छ । समयमै पेश्की फछ्र्यौट नगर्दा कार्यालयको तर्फबाट तरताकेता नहुनाको कारण स्पष्ट गर्दै समयमै पेश्की फछ्र्यौट नगरी लामो समयसम्म नगद राखेको समेत देखिएकोले आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम २०७४।१।८ देखि २०७५।६।७ सम्म १ बर्ष ५ महिनाको सयकडा दश प्रतिशतले व्याज निजबाट असुल गर्नुपर्ने रु. ४७,७१३/-

५१. **अद्यावधिक बेरुजु स्थितिः** यस नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ : *(रु.हजारमा)*

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (**C**) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (**D**) | यो वर्षको कायम बेरुजु रु. (**E**) | बाँकी (**F= C+D+E**) |
|---|---|---|---|
| १६१३३ | १३६ | ५०३६३ | ६६६३२ |

अनुसूची- १

# रामधुनी नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## आथिंक वषं २०७४।७५

(रु.हजारमा)

| कउ | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| | सुनसरी | रामधुनी | ५२ | ४० | ५२९३७ | ० | ९ | | ५२ | ३१ | ५०४९९ | ६०२२ | ३७१६ | ८९२९ | ० | ० | १२६४५ | ८०४६ | २३७८६ | ३१८३२ |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण

## आर्थिक वर्ष २०७४।७५

**प्रदेश नम्बर :- ३**

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५–९) |
| १. | रामधुनी | सुनसरी | ५०००६ | २३९७५९ | १२०५६५ | ८२९७७ | ४४३३०१ | २३६७९२ | २२४८०३ | १६७५५ | ४७८३५० | १४९५७ |